

नेपाल वायुसेवा

# आकाश भैरव
AAKASH BHAIRAB
In-House Journal

Vol. 43, No. 6 Jetha-Asar (2081) June-July (2024)

# नेपाल वायुसेवा निगमको ६६ औं वार्षिक उत्सव सम्पन्न

नेपाल वायुसेवा निगमको ६६ औं वार्षिकोत्सव २०८१ असार १७ गते तद्नुसार ०१ जुलाई, २०२४ का दिन विभिन्न कार्यक्रम गरी सम्पन्न भयो । उक्त अवसरमा वैदिक विधिअनुसार आकाश भैरवको पूजा आराधनापश्चात् निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीले आमन्त्रित सवैलाई स्वागत गर्दै सहभागिताको लागि धन्यवाद ज्ञापन गर्नुभयो । उक्त कार्यक्रममा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री हित बहादुर तामाङज्यूले नेपाल वायुसेवा निगमको उत्तरोत्तर प्रगति तथा उन्नतिको कामनासहित हार्दिक शुभकामना दिँदै प्रभातफेरी कार्यक्रमको शुरूवात गर्नुभयो । यस प्रभातफेरी निगमको प्रधान कार्यालय कान्तिपथबाट सुरू भई न्यूरोड, जुद्धको शालिक, रत्नपार्क, भद्रकाली, शहिदगेट हुँदै निगमको प्राङ्गणमा आएर टुङ्गिएको थियो ।

निगमको ६६ औं वार्षिकोत्सवको अवसरमा सप्ताहव्यापी कार्यक्रम अन्तर्गत केन्द्रीय कार्यालयमा असार ७ गते सम्पूर्ण कर्मचारीहरूको लागि स्वास्थ्य शिविर आयोजना गरिएको थियो । असार १२ गते टेबल टेनिस प्रतियोगिता सम्पन्न भएको थियो । यो प्रतियोगितामा कार्यकारी तहमा महिला र पुरूष गरी दुई समूह र सम्पूर्ण कर्मचारीहरूबीच पनि महिला र पुरूष गरी दुई दुई समूहबीच प्रतियोगिता सम्पन्न भएको थियो । Executive Level को टेबल टेनिस प्रतियोगितामा पुरूषतर्फ निगमका का.मु उप-निर्देशक, प्रितमप्रसाद प्रधान प्रथम हुनुभएको थियो । निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारी द्वितीय हुनुभएको थियो भने विजयकुमार गुप्ता तृतीय हुनुभएको थियो । Executive Level कै महिलातर्फ निगमका उप-निर्देशक, सविना शाक्य प्रथम हुनुभएको थियो

बाँकी पेज नं. ३ मा

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. गणेशप्रसाद पाण्डेयज्यूबाट निगमको केन्द्रीय कार्यालय अनुगमन

मिति २०८१ असार ९ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. गणेश प्रसाद पाण्डेयज्यूले नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालयमा निरीक्षण तथा अनुगमन गर्नुभयो । उक्त अवसरमा श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सह-सचिव इन्दु घिमिरेज्यू लगायत मन्त्रालयका पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो भने निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीले निगममा स्वागत गर्नुभएको थियो ।

उक्त अवसरमा निगमका कार्यकारी अध्यक्ष लगायत निगमका सम्पूर्ण विभागीय प्रमुखहरूको उपस्थिति रहेको थियो । निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीले निगमले हालसम्म हासिल गरेका उपलब्धिहरू र भावी योजनाहरूको बारेमा जानकारी गराउनु भयो । त्यसैगरी निगमका जहाज तथा विमानस्थलमा चल्ने उपकरणहरूको मर्मत सम्भारमा लाग्ने पाटपुर्जाहरू र निगमको जहाजमा प्रयोग हुने खाद्य सामग्रीहरू (In-flight Food and Beverages Items) मा भन्सार छुट सुविधा उपलब्ध गराउन, हवाई इन्धनमा लगाइएको कर छुट गर्ने तर्फ पहल गरिदिनुहुन, निगम राष्ट्रिय ध्वजावाहक भएकोले अन्य राष्ट्रमा त्यहाँका राष्ट्रिय ध्वजावाहकलाई प्रदान गरिने विशेष सुविधाहरू जस्तै निगमलाई पनि नेपाल सरकारको तर्फबाट विशेष

बाँकी पेज नं. ३ मा

# सम्पादकीय

हवाई उड्डयनको इतिहासमा राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निरन्तर गतिशील छ । विविध जटिलता, राज्य प्रतिको उत्तरदायित्व, जनमुखी सेवामा समर्पित भई यस संस्थाले ६६ वर्ष पार गर्नु आफैँमा एउटा गौरवको विषय हो । संस्थागत प्रयासले देश विदेशमा हाम्रो चिनारी थप बलियो बन्दै गएको जगजाहेर छ ।

झन्डै सात दशकअगाडिको हाम्रो गौरवशाली इतिहासलाई फर्केर हेर्दा प्रारम्भिक वर्षहरूमा सम्भावनाका आँकुरा त अवश्य थिए तर जटिलताका चाङ अकल्पनीय हुने नै भए । त्यो भयानक अप्ठ्यारा दिनहरूको पहाड छिचोलेर आजको समय समयसम्म आउँदा एउटा गर्विलो इतिहास हाम्रा सामु प्रस्ट देखिन्छ । ६६ वसन्तपार गर्दा नेपाल वायु सेवा निगमले हाम्रा गाउँ सहर मात्र जोडेर पुग्दैन । अन्तर्राष्ट्रिय बजारमा समेत आफूलाई काबिल देखाउनु पर्ने दायित्व छ । यसका लागि निगमसँग पर्याप्त जहाज हुनुको विकल्प छैन । यतिबेला निगमसँग अन्तर्राष्ट्रिय उडानको लागि चार थान जहाजहरू मात्र छन् । भएका सीमित जहाजको सङ्ख्यालाई भरपुर उपयोग गरी निगम गन्तव्य विस्तार गर्ने क्रममा उद्यत छ यद्यपि जहाज खरिद गर्ने पर्ने आवश्यकता छ । यसका साथसाथै नयाँ सहस्राब्दीको परिवर्तित समाजमा हाम्रो जहाजले आधुनिकीकरण र नवीकरणको बाटोमा अगाडि बढ्नु छ । अत्याधुनिक नयाँ विमानहरू थप्नु छ । यसको छविलाई थप लोकप्रिय बनाउनु छ । चन्द्र सूर्य अङ्कित हाम्रो शान मान रहेको झण्डा फहराउँदै नीलो आकाशमा उड्ने वायुसेवालाई उत्कृष्ट बनाउँदै लैजानु छ ।

नेपाल वायुसेवा निगम ध्वजाबाहक मात्र नभएर, यो एक संस्कृतिको सम्वाहक पनि हो, जसले नेपालको पहिचानलाई अर्को भूगोलमा जोडिदिन्छ । समग्र नेपाल र नेपालीको न्यानो आतिथ्यको माध्यम हो ध्वजाबाहक । अन्तर्राष्ट्रिय विमानस्थलहरूमा निगमको उपस्थिति नेपालको स्थायी भावना र समृद्ध सम्पदाको सम्झना हो, साथै हिमालयको संसार प्रशंसित चिनारी हो ।

अष्ट्रेलियामा निकट भविष्यमा नै उडान सुरू गर्न सम्पूर्ण प्रक्रिया अगाडि बढेको छ । अन्तर्राष्ट्रिय उडानको दुईवटा जहाज भाडामा लिने प्रक्रिया पूरा भएपश्चात् दक्षिण कोरियाको सिओल, ग्वान्जाओ, सांघाई, कोलम्बो, अहमदाबाद, बर्मा र बंगलादेशसम्म सेवाविस्तार गर्दै लैजाने लक्ष्य रहेको छ । व्यावसायिक एवम् राष्ट्रिय दायित्वको निर्वाह गर्न आन्तरिक उडानको विस्तार गर्न तीनवटा स्टल सेवाका जहाजहरूको खरिद प्रक्रिया अगाडि बढाइ निर्णयको प्रक्रियामा छ ।

निगमले भविष्यमा सीमाविहीन आकाशको परिकल्पना गर्नुपर्छ । यसले आफ्नो सञ्जाललाई थप विस्तार गर्नुपर्छ । प्रविधिमा थप सुधार गर्दै यात्रुहरूको सुविधालाई सधैँ शिरमा राख्नुपर्छ । आगामी यात्रा पक्कै चुनौतीपूर्ण छ तर अवसर नभएको पनि होइन । व्यक्तिगत होइन सामूहिक प्रतिबद्धताले हाम्रा लक्ष्यहरू सहजै भेटिनेछन् । तसर्थ, निगमको जहाज सङ्ख्या विस्तार गर्ने रणनीतिक कार्यदिशालाई मूर्त रूप प्रदान गर्न नेपाल सरकारलगायत सम्बद्ध सबै पक्षको रचनात्मक सहयोग रहनुपर्छ र रहने छ भन्ने विश्वास निगमले गरेको छ ।



संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव गणेशप्रसाद पाण्डेज्यूलाई निगमसम्बन्धी जानकारी प्रस्तुत गर्दै ।


## सम्पादक मण्डल

प्रधान सम्पादक : अनिल घिमिरे
कार्यकारी सम्पादक : दिक्पाल सुवेदी
सम्पादक : अस्मिता सुवेदी
कल्पना काफ्ले

विभागीय प्रतिनिधिहरू : गोपाल प्र. तिवारी, इन्जिनियरिङ् मेन्टिनेन्स
नुमानन्द गौतम, यात्रुसेवा
छायाँ गुरूङ्, आन्तरिक लेखापरीक्षण
प्रकाश अधिकारी, ग्राउण्ड सपोर्ट
भाष्कर खनाल, मानव संशाधन
उदय खत्री, कन्टिन्यूइङ् एयर वर्दिनेश मेनेजमेन्ट
यशोदा सिंखडा, बजार व्यवस्थापन
साधना कुंवर, सा.से. तथा सं. व्यवस्थापन
इन्द्र थापा, अर्थ
चक्र के.सी., अपरेसन्श
सञ्जय कुमार देव, क्वालिटि एसुरेन्स

प्रकाशन : बाह्य, जनसम्पर्क तथा प्रचार प्रसार
महाशाखा संस्थागत विभाग
नेपाल वायुसेवा निगम
www.nepalairlines.com.np

फोटो सल्लाहकार : हरि गोपाल प्रधान




निगमको ६६ औं वार्षिकोत्सवको अवसरमा आयोजित प्रभातफेरी कार्यक्रम ।

## संस्कृति पर्यटन तथा...

सुविधाहरू दिलाउन, विमान चालक तथा अन्य कर्मचारीहरूको सेवा सुविधा वृद्धि गर्न, मौजुदा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा निगम जस्तो विशेष प्रकृतिको हवाई व्यवसायको लागि छुट्टै प्रावधान राखी आवश्यक संशोधन गर्नुपर्ने कार्यमा सहजीकरण गरिदिनुहुन तथा नेपाल वायुसेवा निगम ऐन, २०१९ को प्रावधान अनुसार राष्ट्रिय ध्वजावाहकलाई सुदृढ र सवल बनाउन सहयोगको लागि मन्त्रालयसमक्ष आग्रह गर्दै समन्वयात्मक भूमिका खेलिदिनुहुन समेत अनुरोध गर्नुभयो ।

उक्त अवसरमा श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा.गणेश प्रसाद पाण्डेयज्यूले निगमका कर्मचारीहरूलाई सधैं इमान्दारीपूर्वक आ–आफ्नो कार्यमा लाग्न निर्देशन दिनु भयो ।

उक्त अवसरमा बजार व्यवस्थापन विभागका निर्देशक टंकनिधि दाहाल, मानव संशाधन विभागका निर्देशक अशोक सिग्देल, संस्थागत विभागका निर्देशक अनिल घिमिरे र क्वालिटि एस्योरेन्स विभागका निर्देशक पोषक झवालीले विभागीय प्रस्तुतीकरण गर्नुभएको थियो ।



१७ जुन २०२४ मा फ्लाई दुवई एयरलाइन्सले सुरक्षित टर्नअराउण्ड अपरेशनका CLC अर्डिनेटररूलाई कडा परिश्रम र प्रतिबद्धताको प्रसंसा गर्दै प्रसंसापत्र प्रदान गरेको ।

## नेपाल वायुसेवा निगमको...

भने अनिसा खड्का दोस्रो र सुप्रिया तुलाधर तृतीय हुनुभएको थियो ।

सम्पूर्ण कर्मचारीहरूको टेबल टेनिस प्रतियोगितामा पुरूषतर्फ अंकुर आर्या प्रथम हुनुभएको थियो भने नवराज कोइराला दोस्रो र दिनेश महर्जन तृतीय हुनुभएको थियो । महिलातर्फ रञ्जना पोखरेल प्रथम, कविता साह द्वितीय र निर्मला कार्की तृतीय हुनुभएको थियो । एयरपोर्ट टिम र प्रधान कार्यालय टिम बिचको महिला–महिला तथा Executive Level को पुरुष–पुरुष मैत्रीपूर्ण फुटबल खेल आयोजना भएको थियो । पुरूषतर्फ एयरपोर्ट टिमले विजय प्राप्त गरेको थियो भने महिलातर्फको फुटबल प्रतियोगितामा प्रधान कार्यालय टिम विजयी भएको थियो । सम्पूर्ण पुरूष कर्मचारी बिचमा भएको फुटबल प्रतियोगितामा भने बराबरीमा खेल टुङ्गिएको थियो ।

वार्षिकोत्सवकै अवसरमा निगमका सम्पूर्ण कर्मचारीहरूको स्वास्थ परीक्षण कार्यक्रम (होल बडी चेक अप, आँखा परीक्षण) पनि सम्पन्न गरेको थियो । यसै अवसरमा असार १३ गते निगमको केन्द्रीय कार्यालयमा र एयरपोर्टमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा निगमका २१८ जना कर्मचारीले रक्तदान गरेका थिए ।

# अन्तर्राष्ट्रियस्तरको यात्रुसेवा सम्बन्धी तालिम प्रदान

निगमका कर्मचारीहरूलाई अन्तराष्ट्रियस्तरको यात्रुसेवा सम्बन्धी तालिम प्रदान गरिएको छ । यस विभाग र बेलायतबाट मान्यताप्राप्त बेस ईन्टरप्राईजेजको समन्वयमा मिति २०८१ असार ३ र ५ गते निगमका कर्मचारीहरूलाई Highfield Level 2 International Award in Customer Service शीर्षकमा तालिम प्रदान गरिएको हो । निगमको केन्द्रिय कार्यालयस्थित तालिम कक्षमा सञ्चालित उक्त तालिममा १५ / १५ गरि जम्मा ३० जना कर्मचारीहरू सहभागी भएका थिए । तालिममा बेलायतस्थित Highfield International बाट मान्यताप्राप्त साउदी अरेबियाको TAMIMI Markets का Quality Assurance Training Manager तथा TAMIMI Training Development Academy का प्रशिक्षक ROSALIE CAYBOT AFICIAL ले प्रशिक्षण दिनुभएको थियो । तालिमपश्चात् परीक्षासमेत सञ्चालन गरिएको उक्त तालिमको परीक्षामा सफल हुने सहभागीहरूलाई UK Standard को Highfield Certificate प्रदान गरिने छ ।



# निगमको विदेश स्टेशनमा सरुवा भएका कर्मचारीहरूलाई अभिमुखीकरण तालिम प्रदान



निगमको विदेशस्थित विभिन्न स्टेशनहरूमा सरुवा भएका कर्मचारीहरूलाई सात दिने अभिमुखीकरण तालिम प्रदान गरिएको छ । निगमको जापान, अष्ट्रेलिया र मलेसियास्थित स्टेशनमा हालै सरुवा भएका ५ जना कर्मचारीहरूलाई मिति २०८१ जेष्ठ ३१ देखि असार ७ गतेसम्म तालिम प्रदान गरिएको हो । निगमको केन्द्रीय कार्यालयमा प्रदान गरिएको उक्त तालिममा नियमनकारी निकायको मापदण्ड बमोजिमका विभिन्न अनिवार्य (Mandatory) र सेवासँग सम्बद्ध विभिन्न Functional तालिम प्रदान गरिएको थियो । तालिमको औपचारिक समापन गर्नुहुँदै श्रीमान् कार्यकारी अध्यक्षज्यूले तालिममा सिकेको कुरालाई अनुशासित ढंगले पालना गर्दै निगमको साख उँचो पार्ने काम गर्न सहभागीहरूलाई निर्देशन दिनुभयो । यसैगरी कार्यक्रममा मानव संशाधन विभाग, बजार व्यवस्थापन विभाग र अर्थ विभागका निर्देशकज्यूहरूले सुसंस्कृत तथा मर्यादित भएर आफ्नो कार्यकालमा उदाहरणीय कार्य गर्न सहभागीहरूलाई निर्देशन दिनुभयो । तालिममा निगमकै विभिन्न विभागमा कार्यरत श्रोतव्यक्तिहरूले प्रशिक्षण दिनुभएको थियो ।

# निगमको आयोजनामा Foreign Object Debris (FOD) Campaign सम्पन्न

Nepal Airlines Ground Service Provider- NAC-GSP (Ground Support Department & Customer Service Department) द्वारा 2024 को लागि Safety Performance Indicator, Safety Performance Target (SPI/SPT) मा कम्तीमा दुई पटक Foreign Object Debris (FOD) Campaign गर्ने भनी Target तय भएकोमा, यस आर्थिक वर्ष (2024) मा निगम अन्तर्गत NAC-GSP को आयोजना र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको समन्वयमा विभिन्न स्वदेशी तथा विदेशी वायु सेवा प्रदायकहरूको सहभागितामा त्रि.अ.वि Ramp Area मा Foreign Object Debris (FOD) Campaign मिति २०८१/०३/२६ गते सम्पन्न भएको । उक्त कार्यक्रमको उद्घाटन निगमका नायव महाप्रबन्धक (प्रा) डोलेश्वर कोईरालाले गर्नुभएको थियो ।




# सेफ्टी प्रोग्राम र सेफ्टी म्यानेजमेन्ट तालिम सम्पन्न



यूरोपियन यूनियनको EU-South Asia Aviation Partnership Project II (SAAPP) अन्तर्गत रही नेपाल नागरिक उड्डयन प्राधिकरण (CAAN) ले Safety Promotion Campaign 2024 कार्यक्रम जुन ९ देखि १३ सम्म नागरिक उड्डयन प्राधिकरणको सिनामङ्गलस्थित केन्द्रीय कार्यालयमा आयोजना गरेको थियो । यसमा कार्यकारिणी र सेफ्टी अकाउन्टेबल म्यानेजरहरूलाई लक्षित गरेर State Safety Program कार्यक्रम संचालन गरिएको थियो । नियामक निकाय र सेवा प्रदायक संस्थाहरूका प्रमुखलाई लक्षित गरिएको उक्त कार्यक्रममा नेपालका विभिन्न हवाई सेवा प्रदायक सम्बद्ध संस्थाहरू र नियामक निकायका प्रमुखहरूको सहभागिता रहेको थियो ।

निगमका तर्फबाट उक्त कार्यक्रममा कार्यकारी अध्यक्ष युवराज अधिकारी, अपरेशन विभाग प्रमुख क्याप्टेन दिपुराज ज्वारचन र कर्पोरेट सेफ्टी म्यानेजर ई. विकास थापाज्यूको सहभागिता रहेको थियो । उक्त तालिमको प्रशिक्षकको रूपमा ICAD Instructor Mr. Daniel Cruz रहनु भएको थियो । उक्त तालिमले नेपालमा State Safety Program (SSP) र Safety Management System(SMS) लागू गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ग्राउण्ड सपोर्ट विभागका कार्यहरू

१) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (TIA) मा ग्राउण्ड ह्याण्डलिङ्ग सेवा प्रदान गर्नका लागि निगम र Air India Express विच Standard Ground Handling Agreement (SGHA) सम्पन्न भएको ।

२) Malaysian Airlines को लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (TIA) मा ग्राउण्ड ह्याण्डलिङ्ग सेवा प्रदान गर्न माग भए बमोजिमको RFP (Request for proposal) उक्त एयरलाईन्सलाई Submission गरिएको ।

३) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (TIA) मा ग्राउण्ड ह्याण्डलिङ्ग सेवा प्रदान गर्नका लागि Indigo Air सँग SGHA नवीकरण भएको ।

४) निगमको A330 को C-Check गर्नका लागि Italy मा उडान गर्दा Ground Handling, Airport Settlement Hotel Arrangement का लागि आवश्यक व्यवस्था गरी समन्वय गरिएको ।

५) विभागबाट ग्राउण्ड ह्याण्डलिङ्ग सेवा प्रवाहका लागि थप आवश्यक विभिन्न प्रकारका पाँच वटा ग्राउण्ड इक्वीपमेन्ट खरिदका लागि टेन्डर आह्वान गरिएको ।

६) विभागबाट ग्राउण्ड ह्याण्डलिङ्ग सेवा प्रवाहका लागि थप आवश्यक विभिन्न प्रकारका आठ (८) वटा ग्राउण्ड इक्वीपमेन्ट खरिदका लागि टेन्डर आह्वान गरी Tender Opening भएपश्चात मुल्याङ्कनको प्रकृयामा रहेको ।

विभागीय समाचार

## मानव संशाधन विभाग

बैशाख, २०८१

### नियुक्ति

#### सरूवा/पदस्थापना

| क्र.सं. | कर्मचारीको नाम | तह | पद | विभागबाट/विभागमा |
|---|---|---|---|---|
| १ | श्री चक्र बहादुर के.सी | ६ | अधिकृत | नायब महाप्रबन्धकज्यूको कार्यालय (प्र.)/अपरेसन्स विभाग |

#### राजिनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री सन्तोष कुमार खतिवडा | ६ | प्राविधिक अधिकृत |
| २ | श्री सिकन्दर महरा चमार | ५ | वरिष्ठ प्राविधिक |
| ३ | श्री सञ्जय जोशी | ५ | वरिष्ठ प्राविधिक |
| ४ | श्री पदम लामा | ४ | जिइओ |
| ५ | श्री रवि प्रसाद साह | ५ | सहायक |

#### अवकाश

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री रविन्द्रनाथ बराल | नौ | वरिष्ठ एएमई |
| २ | श्री मुन्ना साह खड्का | ६ | अधिकृत |
| ३ | श्री आनन्द महत | ५ | वरिष्ठ सहायक |
| ४ | श्री नरेन्द्र कुमार लिम्बु रोगु | ३ | हेड लोडर |

जेष्ठ, २०८१

### नियुक्ति

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री प्रियालक्ष्मी श्रेष्ठ | ७ | ग्राउण्ड इन्सट्रक्टर |
| २ | श्री सञ्जय श्रेष्ठ | ६ | प्राविधिक अधिकृत |
| ३ | श्री भरत बोहोरा | ५ | वरिष्ठ सहायक |
| ४ | श्री नारायण चापागाईँ | ५ | वरिष्ठ सहायक |
| ५ | श्री आयुष अमात्य | ५ | वरिष्ठ प्राविधिक |
| ६ | श्री प्रदिप रिजाल | ५ | वरिष्ठ प्राविधिक |
| ७ | श्री कला फुयाल | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| ८ | श्री ममता बस्नेत | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| ९ | श्री एलिसा खड्का | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| १० | श्री पुजा तामाङ् | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| ११ | श्री सिजल कडरिया | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| १२ | श्री बबिना गुरूङ् | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| १३ | श्री अनुशा महर्जन | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| १४ | श्री सोनिया तामाङ् | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| १५ | श्री पुजा लामा | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| १६ | श्री रसिला श्रेष्ठ | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| १७ | श्री बिनि महर्जन | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| १८ | श्री कल्पना गौतम | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| १९ | श्री अदिती भुजेल | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| २० | श्री सुमिना श्रेष्ठ | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| २१ | श्री स्पर्श न्यौपाने | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| २२ | श्री चेतना राई | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| २३ | श्री पुजन गौतम | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| २४ | श्री रेखा कुमारी रोकाया | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| २५ | श्री सुमी तामाङ् | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| २६ | श्री रितिका थापा | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| २७ | श्री अस्मिता श्रेष्ठ | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| २८ | श्री आशिका गिरी | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| २९ | श्री वर्षा श्रेष्ठ | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| ३० | श्री लिला पुरी | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| ३१ | श्री अञ्जली शाही | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| ३२ | श्री वेई हाङ्मा राई | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| ३३ | श्री सनिता श्रेष्ठ | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| ३४ | श्री सुशिला खनाल | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| ३५ | श्री एल्जिना रायमाझी | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| ३६ | श्री आयुशा प्याकुरेल | ५ | प्रशिक्षार्थी विमान परिचारिका |
| ३७ | श्री सरस्वती अधिकारी | ४ | सहायक |

#### सरूवा/पदस्थापना

| क्र.सं. | कर्मचारीको नाम | तह | पद | विभागबाट/विभागमा |
|---|---|---|---|---|
| १ | श्री राजेन्द्र कार्की क्षेत्री | ८ | प्रबन्धक | मानव संशाधन विभाग/नारिता स्टेशन |
| २ | श्री अर्णिमा शाक्य | ८ | प्रबन्धक | बजार व्यवस्थापन विभाग/सिड्नी स्टेशन |
| ३ | श्री बिपुला बराल | ७ | बरिष्ठ लेखा अधिकृत | आन्तरिक लेखापरीक्षण विभाग/सिड्नी स्टेशन |
| ४ | श्री कविता आचार्य दवाडी | ७ | वरिष्ठ अधिकृत | बजार व्यवस्थापन विभाग/सिड्नी स्टेशन |
| ५ | श्री हिमबहादुर लम्साल | ६ | अधिकृत | बजार व्यवस्थापन विभाग/क्वालालम्पुर स्टेशन |
| ६ | श्री गगन बहादुर चन्द | ६ | अधिकृत | ताप्लेजुङ्ग स्टेशन/बजार व्यवस्थापन विभाग |
| ७ | श्री गोविन्द गिरी | ४ | सहायक | नेपालगञ्ज स्टेशन/सुर्खेत स्टेशन |
| ८ | श्री अम्बिका काफ्ले | १ | कार्यालय सहयोगी | मानव संशाधन विभाग/ संस्थागत विभाग |
| ९ | श्री कल्पना बुढाथोकी | १ | कार्यालय सहयोगी | संस्थागत विभाग/मानव संशाधन विभाग |

#### राजिनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री योगेश हिराचन | ९ | सिनियर क्याप्टेन |
| २ | श्री पुष्पकमल उपाध्याय | ४ | सहायक |
| ३ | श्री टिमराज राई | ४ | सहायक |

#### अवकाश


| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री पुर्णचन्द्र रञ्जित | ९ | उपनिर्देशक |

## Internal Audit Department


**Following tasks have been completed & continued during the period of Jeth to Asar:**

1. Ground Support Department audit report writing on process.
2. Marketing Department audit report writing on process.
3. Finance Department both Expenses & Revenue Division audit is ongoing.
4. Bangkok Station audit completed & report submitted.
5. Dammam Station audit is ongoing.
6. GSPM Department audit completed & report submitted
7. Customer Service Department audit completed & report submitted.

**1. International Air Traffic Statistics for the F/Y 2080.81**





| | SRAWAN | BHADRA | ASWIN | KARTIK | MANSIR | POUSH | MAGH | FALGUN | CHAITRA | BAISAKH | JESTHA | ASHADH |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ASKM' 000 | 157177 | 162361 | 154459 | 175045 | 162089 | 145382 | 153191 | 149761 | 141694 | 165271 | 151729 | 141640 |
| RPKM' 000 | 121749 | 126672 | 128811 | 147957 | 135215 | 121305 | 129717 | 136209 | 126264 | 138886 | 117610 | 110461 |





| | SRAWAN | BHADRA | ASWIN | KARTIK | MANSIR | POUSH | MAGH | FALGUN | CHAITRA | BAISAKH | JESTHA | ASHADH |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ATKM' 000 | 20085 | 20741 | 19258 | 22760 | 21117 | 19638 | 22824 | 20301 | 18685 | 22376 | 17323 | 15440 |
| RTKM' 000 | 13097 | 13863 | 13942 | 15323 | 14389 | 12878 | 13968 | 14544 | 13684 | 14926 | 11985 | 11075 |

*Source: Post Flight Information Report*

**2. Domestic Air Traffic Statistics for the F/Y 2080.81**





| | SRAWAN | BHADRA | ASWIN | KARTIK | MANSIR | POUSH | MAGH | FALGUN | CHAITRA | BAISAKH | JESTHA | ASAR |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ASKM '000 | 193 | 371 | 471 | 745 | 586 | 347 | 362 | 402 | 555 | 538 | 382 | 83 |
| RPKM '000 | 95 | 173 | 325 | 595 | 465 | 246 | 264 | 295 | 466 | 456 | 303 | 50 |




| | SRAWAN | BHADRA | ASWIN | KARTIK | MANSIR | POUSH | MAGH | FALGUN | CHAITRA | BAISAKH | JESTHA | ASAR |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ATKM '000 | 16 | 26 | 40 | 63 | 49 | 29 | 30 | 34 | 47 | 45 | 32 | 7 |
| RTKM '000 | 7 | 12 | 23 | 42 | 33 | 18 | 19 | 21 | 33 | 32 | 21 | 4 |

*Source: Post Flight Information Report*

**3. Market share of NAC from Poush- Jestha 2080**




*Source: Daily Flight Handling Report provided by Customer Services Department*

# बैङ्ककमा Travel Fair – 1st Discovery Word Fair 2024 सम्पन्न

नेपाल वायुसेवा निगम र क्रस आउटडोर को. लिमिटेड सँगको संयूक्त आयोजनामा पर्यटन प्रवर्द्धनका लागि बैङ्कको BITEC (Bang Na Exhibition Center) मा जुन २७ देखि जुन ३० सम्म Travel Fair – 1st Discovery Word Fair 2024 आयोजना गरेको थियो ।




त्यस कार्यक्रममा थाई पर्यटकहरूलाई भगवान बुद्धको जन्मस्थल लुम्बिनी र शान्तिको स्रोत, राजर्षि जनकको राजधानी जनकपुरदेखि मन्त्रमुग्ध गर्ने हिमालयका अनौठा स्थलहरूको अवलोकनमा जान आग्रह गरिएको थियो ।

उक्त कार्यक्रममा नेपाल दूतावास र थाइल्याण्डका विभिन्न ट्राभल एण्ड टूर कम्पनी, नेपाल वायुसेवा निगम तथा व्यवसायी, सञ्चारकर्मी, गैरआवसीय नेपाली संघका प्रतिनिधिहरूको सहभागिता थियो । नेपाल वायुसेवा निगमको स्टल अवलोकन गर्न आउने प्रतिनिधिहरूले दैनिक निगमले कम्तिमा एक उडान गर्न, Punctuality maintain गर्न तथा Tour Package को व्यवस्था गर्न सुझाव दिएका थिए ।

नेपाल वायुसेवा निगमको स्टलमा थाइल्याण्डको कन्ट्री म्यानेजर दामोदर मिश्र , फाइनान्स म्यानेजर कैलाश बाबु कार्कीका साथै प्रेम लाल भुसाल र पुजा अधिकारीले स्टल अवलोकन गर्न आउने प्रतिनिधिहरूलाई निगमले प्रदान गर्ने सेवा तथा सुविधाका बारेमा जानकारी गराएका थिए ।

# DUTY ROSTER OF NAC CLINIC DOCTORS

## Effective from 18th July 2024

| S. N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | **Dr. SUBODH KUMAR ADHIKARI**<br>Senior Surgeon<br>NMC : 1095<br>Mobile No. : 9851037056 | | 14:00-15:00 | | | 14:00-15:00 | 12:00-13:00 |
| 2. | **Dr. RANJEET S. BARAL**<br>Consultant Cardiologist/AME & General Physician<br>NMC: 1516<br>Mobile No. 9851053577 | 12:00-13:00 | 12:00-13:00 | | | 12:00-13:00 | |
| 3. | **Dr. GYANENDRA SHAH**<br>Senior Consultant, Orthopedic Surgeon<br>NMC: 4723<br>Mobile No. 9851029425 | | 13:00-14:00 | | | 13:00-14:00 | 11:00-12:00 |
| 4. | **Dr. LOCHAN KARKI**<br>Consultant Physician<br>NMC: 4687<br>Mobile No. 9851056689 | | | 16:00-17:00 | | 15:00-16:00 | 13:00-14:00 |
| 5. | **Dr. KAVITA ADHIKARI**<br>Consultant Gynecologist<br>NMC: 3679<br>Mobile No. 9851176411 | 15:00-16:00 | | 14:00-15:00 | 14:00-15:00 | | |
| 6. | **Dr. SHIVAJI BIKRAM SILWAL**<br>Consultant Cardiologist<br>NMC: 6335<br>Mobile No. 9801022997 | 16:00-17:00 | | | 16:00-17:00 | | 14:00-15:00 |
| 7. | **Dr. NANDITA GHIMIREY**<br>Family Medicine<br>NMC: 2784<br>Mobile No. 9841777677 | | 15:00-16:00 | 15:00-16:00 | 15:00-16:00 | | |

# Ground Support Department

### TACC Section

### LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year Months | | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. pcs. | HOV to Airlines | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | | Staff | Crew | Police security | |
| 1 | 2080 | Falgun | 7 | 1 | 3 | 10 | 0 | 0 | 0 | 14 | 35 | 24 | 6 | 5 | |
| 2 | 2080 | Chaitra | 2 | 1 | 8 | 5 | 0 | 0 | 0 | 8 | 24 | 11 | 13 | 0 | |
| **Total** | | | **9** | **2** | **11** | **15** | **0** | **0** | **0** | **22** | **59** | **35** | **19** | **5** | |

नोट : उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमानस्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धित ठाँउमा बुझाएका सामानहरूको हो ।

**Abbreviation**

Mob: Mobiles
Mny: Money and wallets
Gld: Gold and ornaments
Hov: Handed over to the related airlines (staff, crew, passengers)

Cam: Different types of movie and still camera/watch.
ipd: i-phone, i-pod, i-pad, tablets, Laptop etc.
Elx: Other electronic appliances/items, games, pendrives, Power Bank etc.
PP Passport

# Operations Department

### Performance Report of Flights from Kathmandu

### for the month of Magh and Falgun, 2080

| Fleet / Month<br>Flight Performance % | 9N-AKW | | 9N-AKX | | 9N-ALY | | 9N-ALZ | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **Chaitra** | **Baisakh** | **Chaitra** | **Baisakh** | **Chaitra** | **Baisakh** | **Chaitra** | **Baisakh** | **Chaitra** | **Baisakh** |
| **Reliability** | 100% | 100% | - | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% |
| **Punctuality** | 43% | 46% | - | 100% | 87% | 94% | 87% | 89% | 68% | 87% |

## MARKETING DEPARTMENT

## TRAFFIC AND REVENUE PERFORMANCE OF SCHEDULE FLIGHTS OF DOMESTIC & INTERNATIONAL STATIONS

**AS OF Jeth & Asar, 2081**

| Region | Jestha 2081 | | | | Ashdh 2081 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | 1,513 | 9,241,774 | 74,707 | 9,316,481 | 236 | 1,368,567 | 43,007 | 1,411,574 | 1,749 | 10,728,055 |
| **Domestic Total** | **1,513** | **9,241,774** | **74,707** | **9,316,481** | **236** | **1,368,567** | **43,007** | **1,411,574** | **1,749** | **10,728,055** |
| KTM-NRT | 2,891 | 200,027,072 | 18,257,440 | **218,284,512** | 2,903 | 172,979,376 | 14,122,080 | 187,101,456 | 5,794 | **405,385,968** |
| NRT-KTM | 2,050 | 96,100,962 | 3,369,762 | **99,470,724** | 2,420 | 110,276,066 | 4,371,246 | 114,647,312 | 4,470 | **214,118,036** |
| KTM-DXB | 3,531 | 121,673,048 | 5,794,170 | **127,467,218** | 3,095 | 106,714,260 | 4,299,490 | 111,013,750 | 6,626 | **238,480,968** |
| DXB-KTM | 2,325 | 29,072,010 | 14,372,480 | **43,444,490** | 2,706 | 35,392,368 | 6,800 | 35,399,168 | 5,031 | **78,843,658** |
| KTM-DEL | 9,005 | 129,478,340 | 4,125,240 | **133,603,580** | 6,437 | 74,268,336 | 3,819,486 | 78,087,822 | 15,442 | **211,691,402** |
| DEL-KTM | 8,455 | 55,191,447 | 1,746,880 | **56,938,327** | 5,432 | 28,049,904 | 1,022,464 | 29,072,368 | 13,887 | **86,010,695** |
| KTM-KUL | 1,889 | 60,386,312 | 712,678 | **61,098,990** | 579 | 15,308,832 | 797,566 | 16,106,398 | 2,468 | **77,205,388** |
| KUL-KTM | 1,174 | 14,093,967 | 103,800 | **14,197,767** | 1,356 | 17,424,333 | 140,880 | 17,565,213 | 2,530 | **31,762,980** |
| KTM-DOH | 3,952 | 122,135,716 | 12,599,158 | **134,734,874** | 3,720 | 104,620,760 | 5,947,117 | 110,567,877 | 7,672 | **245,302,751** |
| DOH-KTM | 3,518 | 74,819,284 | 4,047,581 | **78,866,865** | 3,288 | 68,681,624 | 3,815,480 | 72,497,104 | 6,806 | **151,363,969** |
| KTM-BKK | 1,678 | 44,054,094 | 214,084 | **44,268,178** | 1,561 | 32,409,028 | 176,240 | 32,585,268 | 3,239 | **76,853,446** |
| BKK-KTM | 1,360 | 43,704,080 | 1,173,857 | **44,877,937** | 1,159 | 34,841,332 | 1,709,790 | 36,551,122 | 2,519 | **81,429,059** |
| KTM-HKG | 703 | 28,238,636 | 1,149,120 | **29,387,756** | 456 | 14,350,872 | 1,138,260 | 15,489,132 | 1,159 | **44,876,888** |
| HKG-KTM | 471 | 17,980,122 | 902,720 | **18,882,842** | 565 | 17,876,340 | 777,920 | 18,654,260 | 1,036 | **37,537,102** |
| KTM-BOM | 1,482 | 26,467,836 | 42,240 | **26,510,076** | 741 | 10,420,418 | 45,470 | 10,465,888 | 2,223 | **36,975,964** |
| BOM-KTM | 1,332 | 14,906,344 | 492,736 | **15,399,080** | 442 | 3,081,768 | 288,768 | 3,370,536 | 1,774 | **18,769,616** |
| KTM-BLR | 1,669 | 29,007,112 | 112,800 | **29,119,912** | 1,329 | 18,313,192 | 78,000 | 18,391,192 | 2,998 | **47,511,104** |
| BLR-KTM | 1,323 | 14,894,804 | 284,350 | **15,179,154** | 1,035 | 5,974,180 | 228,540 | 6,202,720 | 2,358 | **21,381,874** |
| KTM- DMM | 965 | 37,851,475 | 23,427 | **37,874,902** | 941 | 34,469,415 | 6,650 | 34,476,065 | 1,906 | **72,350,967** |
| DMM-KTM | 911 | 18,786,655 | 444,960 | **19,231,615** | 971 | 16,618,035 | 300,960 | 16,918,995 | 1,882 | **36,150,610** |
| KUL-BWA-KTM | 235 | 2,451,900 | 18,510 | **2,470,410** | - | - | - | - | 235 | **2,470,410** |
| **Intl Total** | **50,919** | **1,181,321,216** | **69,987,993** | **1,251,309,209** | **41,136** | **922,070,439** | **43,093,207** | **965,163,646** | **92,055** | **2,216,472,855** |
| **Grand Total** | **52,432** | **1,190,562,990** | **70,062,700** | **1,260,625,690** | **41,372** | **923,439,006** | **43,136,214** | **966,575,220** | **93,804** | **2,227,200,910** |

**Note**:
1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated from operated schedule flights .
4. Charter Flights are not included in above data.